नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

जि. प्र. का. द. नं.: ०४७/०६३/६४

प्रतिलिपि अधिकार बुलेटिन
Copyright Bulletin

सूचना तथा सचेतनाका लागि

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको बार्षिक प्रकाशन

आषाढ २०७३ Volume 10, Issue 26 July 2016

यस अंक

संगीत रोयल्टी तथा प्रतिलिपि..... २
रोयल्टी व्यवस्थापन सम्बन्धी..... २
पाइरेसी नियन्त्रणको लागि..... ३
छोटकरीमा ३
विश्व बौद्धिक सम्पत्ति दिवस..... ४
रोयल्टी सम्बन्धी निर्देशन..... ४
कानून कार्यान्वयनको अवस्था ५
विश्व पुस्तक तथा प्रतिलिपि..... ६
प्रतिलिपि अधिकार कानून ७
माराकेश सन्धी, २०१३ का ८
नेपाल Marrakesh Treaty..... १०
श्रव्य दृश्य प्रस्तुती सम्बन्धी ११
प्रतिलिपि अधिकार कानूनमा ११
नयाँ रजिष्ट्रार नियुक्त १२
रचना दर्ता १२
सम्पादकीय १२

सम्पादक समूह:

राजेन्द्र सिग्देल

सुष्मा पोखरेल

दिपक घिमिरे

डिजाइन तथा कम्प्युटर

दिपेन्द्र कक्षपती

टेकनारायण महर्जन

www.nepalcopyright.gov.np

यदि तपाईंसँग बौद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफूलाई लागेका प्रश्नहरु हामीलाई लेखी पठाउनुहोला । यस बुलेटिनका आगामी अङ्कहरुमा तपाईंका प्रश्नहरुको उत्तर दिने प्रयास गर्नेछौं ।

धन्यवाद ॥

विश्व सङ्गीत दिवश, २०७३

२०७३ साल असार ७ गते तदनुसार जुन २१, २०१६ का दिन सम्माननीय उपराष्ट्रपति नन्द बहादुर पुनज्यूको प्रमुख आतिथ्य र विभिन्न निकायका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितिमा काठमाडौंमा विश्व सङ्गीत दिवश मनाइयो । सङ्गीतलाई सम्मान गरी विश्वभर एकसाथ मनाउने दिनका रुपमा "विश्व सङ्गीत दिवस" लाई लिइन्छ । विश्व सङ्गीत दिवसका अवसरमा नेपाल साङ्गितिक संघ, सांस्कृतिक संस्थान, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान तथा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट संयुक्त रुपमा आयोजना गरेको कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलले कार्यक्रमका प्रमुख अतिथि, अतिथि, आमन्त्रित व्यक्तित्व एवं स्रष्टा कलाकारहरुलाई स्वागत गर्दै रचनाको सार्वजनिक प्रयोगमा रोयल्टी तिर्नुपर्ने कानूनी व्यवस्थाको परिपालना हुन जरुरी रहेको विचार व्यक्त गर्नु भएको थियो । सो कार्यक्रममा प्रमुख अतिथि उपराष्ट्रपति नन्द बहादुर पुनले स्रष्टा भनेका देशका धरोहर भएका र देश विकासका निम्ति उनै सङ्गीत र स्रष्टाहरु आवश्यक पर्ने भएका कारण उनीहरुको हक हितप्रति राष्ट्रले पनि सम्मान पुऱ्याउनु पर्ने विचार व्यक्त गर्नु हुँदै परिवर्तनको आन्दोलनमा स्रष्टाहरुको महत्वपूर्ण भूमिका भएको हुनाले अबका दिनहरुमा पनि आफ्ना सिर्जनामा संविधानका सकारात्मक कुराहरु समेट्न समेत आग्रह गर्नुभयो । कार्यक्रममा गीत सङ्गीतका क्षेत्रमा उत्कृष्ट योगदान गर्ने वरिष्ठतम स्रष्टा कलाकारहरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा नेपाली सेनाबाट ७० जना भन्दा बढिको सामुहिक व्याण्ड प्रस्तुत भएको र अन्य विभिन्न व्याण्ड, लोकगीत समूह तथा कलाकारहरुबाट करीव ५ घण्टासम्म साङ्गीतिक कार्यक्रमहरु प्रस्तुत गरिएका थिए ।

विश्व सङ्गीत दिवश, २०१६ का सो अवसरमा देहायका वरिष्ठ कलाकारहरु सम्मानपत्र सहित सम्मान गरिएका थिए:

श्री भैरव बहादुर थापा	वरिष्ठ नृत्य निर्देशक
श्री चन्द्रराज शर्मा	वरिष्ठ सङ्गीतकार
श्री भगत सिंह वागदास	वरिष्ठ वाद्यवादक
श्री किरण खरेल	वरिष्ठ गीत रचनाकार
श्री योगेश बैद्य	वरिष्ठ गायक
श्री रञ्जित गजमेर	वरिष्ठ कलासाधक

यसै गरी नेपालको गीत सङ्गीतको क्षेत्रमा अनवरत रुपमा लामो समय साधनारत रही सेवा गर्नु हुने देहायका स्रष्टा कलाकारहरुलाई साङ्गीतिक सेवा चिन्ह प्रदान गरिएको थियो :

क) प्रकाश गुरुङ	वरिष्ठ संगीतकार
ख) सन्तोष श्रेष्ठ	प्रसिद्ध संगीतकार
ग) दिनेश थपलिया	प्रसिद्ध गीत रचनाकार
घ) श्रीपुरुष ढकाल	वरिष्ठ गीत रचनाकार
ङ) अमुल कार्की ढली	प्रसिद्ध संगीत संयोजक
च) मनोहर सुनाम	प्रसिद्ध संगीत संयोजक

संङ्गीत रोयल्टी तथा प्रतिलिपि अधिकार संरक्षण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम

प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र प्रस्तोता समाज, नेपालको संयुक्त आयोजनामा मिति २०७३।३।१० गतेका दिन कमलादी, काठमाडौंमा सङ्गीत रोयल्टी तथा प्रतिलिपि अधिकार संरक्षण विषयमा विभिन्न सार्वजनिक यातायात व्यवशायीहरुको संगठनका पदाधिकारी प्रतिनिधिहरुसंग अन्तर्क्रिया कार्यक्रम (Interaction and awareness program on Music Royalty and Copyright Issues in the Transportation Sector of Nepal) सम्पन्न गरियो । कार्यक्रमका प्रमुख अतिथि व्यवस्थापिका संसद् विकास समितिका माननीय सभापति श्री रविन्द्र अधिकारीले पानसमा वत्ती बालेर कार्यक्रमको उद्घाटन भएको थियो ।

प्रस्तोता समाज नेपालका अध्यक्ष श्री हेमन्त शर्माले अध्यक्षता गर्नु भएको सो कार्यक्रममा प्रस्तोता समाज नेपालका सदस्य शिव हमालले स्वागत गर्नु भएको थियो । सो कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । आफ्नो मन्तव्यको क्रममा सङ्गीत रोयल्टी संकलन समाजका अध्यक्ष श्री सुरेश अधिकारीले मान्छेले बाच्नको लागि आवश्यक पर्ने कुराको सम्पत्ति आ-आफ्नै हुन्छ, नाङ्लो पसलेको नाङ्लो सम्पत्ति भएजस्तै गीत सङ्गीत पनि स्रष्टा सर्जकहरुको सम्पत्ति हो, सम्पत्तिको उपभोग गरे वापत पारिश्रमिक तिर्नु पर्ने प्रावधान अन्तर्गत नै गीत सङ्गीत को प्रयोग गर्नेले रोयल्टी तिर्नुपर्छ भन्दै उहाँले ज्ञानले होस वा अज्ञानले होस लुटिएको सम्पत्तिको अधिकारको मूल्य पाउनु पर्ने र यस सम्बन्धमा कानूनमा व्यवस्था गरिनु पर्ने हुँदा राज्यको संयन्त्रले नै कानून बनाएर कार्यान्वयन गराउने वातावरण सिर्जना गराउँछौं भन्नुभयो । साथै यसरी बन्ने कानूनले यातायात व्यवसायीहरुलाई पनि सभ्य बनाउंछ, राज्य धनी हुन्छ भन्ने विचार श्री अधिकारीले व्यक्त गर्नु भयो ।

सो कार्यक्रममा विशेष अतिथि यातायात व्यवस्था विभागका महानिर्देशक श्री चन्द्रमान श्रेष्ठले स्रष्टाको पीडा कस्तो हुन्छ भन्ने आँफूलाई थाहा भएको, यस क्षेत्रमा लगानी धेरै भयो तर गीत सङ्गीतका एल्वम विक्रि नहुंदा लगानी कर्ताको पिडा असाध्य छ एवं श्रष्टाको अधिकार सुनिश्चित भएको छैन भन्नुभयो । उहाँले सङ्गीतको क्षेत्रमा लागेर जीवन निर्वाह गर्न गाह्रो हुँदै गएको, संसारमा मनपर्ने वस्तु फुल र सङ्गीत सबैलाई मनपर्छ, रोयल्टी व्यवस्थापनका लागि आफुले पहल गर्ने समेत विचार व्यक्त गर्नु भयो ।

बाँकी पृष्ठ ६ मा

रोयल्टी व्यवस्थापन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम

नेपाल सरकारका मूख्य सचिव डा. श्री सोमलाल सुवेदीज्यूको प्रमुख आतिथ्यमा विभिन्न मन्त्रालयका सचिवज्यूहरु र उच्च पदस्थ अधिकारीहरुको उपस्थितिमा २०७३ जेठ ३० गते प्रतिलिपि अधिकार तथा सम्बन्धित अधिकार प्रदत्त रोयल्टी व्यवस्थापन सम्बन्धी बृहत्त अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा प्रतिलिपि अधिकार सम्बन्धमा कानूनी प्रावधान एवं नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका गतिविधि बारे रजिष्ट्रार श्री राजेन्द्र सिग्देल र रोयल्टी व्यवस्थापनमा आईपर्ने कानूनी तथा व्यवस्थापकीय चुनौती सम्बन्धमा अधिवक्ता पर्शुराम कोइरालाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सङ्गीत रोयलटी सङ्कलन समाज नेपालका अध्यक्ष सुरेश चन्द्र अधिकारीले अध्यक्षता गर्नुभएको उक्त कार्यक्रममा सरोकारवाला विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, एग्रिगेटरहरु, संगीत रोयल्टी अनुगमन तथा निर्देशन समितिका सदस्यहरु र सङ्गीत रोयल्टी संकलन समाजका पूर्व अध्यक्षहरुको उपस्थिति रहेको थियो ।

गीत संङ्गीत सार्वजनिक रुपमा प्रयोग भए वापत अनिवार्य रुपमा रोयल्टी संकलन गर्न व्यवस्थापिका संसद विकास समितिको २०७१/०८/०३ र २०७२/१२/०२ को बैठकबाट भएका निर्णय, निर्देशनलाई सफलिभुत पार्न सरोकारवाला मन्त्रालयहरुले कार्यविधि निर्माण गरि आगामी वर्षदेखि कार्यान्वयन पक्षलाई अगाडी बढाउन आवश्यक वातावरणको सृजना गर्ने मुख्य उद्देश्य रहेको कार्यक्रममा प्रमुख अतिथी श्रीमान् मुख्य सचिवज्यूबाट विकास समितिका निर्देशन कार्यान्वयन गर्न, प्रगति विवरण उपलब्ध गराउन एवं स्रष्टाकलाकार तथा उत्पादकहरुले कानूनी रुपमा उपलब्ध हुन सक्ने रोयल्टी संकलन र वितरणको व्यवस्था मिलाउन सम्बन्धित निकायहरुलाई निर्देशन गई सकेको, कार्यान्वयनमा ध्यान दिन अनुगमन पनि गरिरहेको जानकारी दिनु हुंदै हरेक निकायले आ-आफ्नो भूमिका, जवाफदेहिता र जिम्मेवारी तोकी योजना निर्माण गर्दा कार्यान्वयन सहज हुने भएकोले सोही बमोजिम गर्न निर्देशन दिनु भएको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव श्री चन्द्र कुमार घिमिरेज्यूले विकास समितिको निर्णय कार्यान्वयन गर्न चैत्रदेखि नै छलफल भई रहेको र सरकारी निकायले रोयल्टी तिर्न अग्रसरता लिन पर्ने गरी व्यवस्था गर्न छलफल गर्दै रहेको बताउनु भएको थियो । छलफलका क्रममा वरिष्ट गीतकार यादव खरेल, वरिष्ट अधिवक्ता परशुराम कोइराला, गृह मन्त्रालयका उपसचिव भविश्वर पाण्डे, प्रहरी प्रधान कार्यालयका प्रहरी उपरीक्षक वसन्त कुमार लामा, सङ्गीत रोयल्टी संकलन समाजका अध्यक्ष सुरेशचन्द्र अधिकारी एवं संगीतकार संघका अध्यक्ष लक्ष्मण शेषले पनि आ-आफ्नो बिचार राख्नु भएको थियो ।

पाइरेसी नियन्त्रणको लागि सूचना प्रविधिको उपयोग विषयक कार्यशाला गोष्ठी

प्रतिलिपि अधिकारको विषयमा स्वयं प्रतिलिपि अधिकार धनी, यसका प्रयोगकर्ता, कानून व्यवसायी कार्यान्वयन गर्ने सरकारी निकायका अधिकारीहरु लगायत आम नागरिकमा जानकारी कम भएको विद्यमान अवस्थालाई मध्यनजर गरि प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट छलफल, अन्तरक्रियात्मक गोष्ठी बजार अनुगमन लगायत तालिम कार्यक्रम सञ्चालन हुँदै आएको छ । सोहि बमोजिम चालु आ.व.को स्वीकृत बार्षिक कार्यक्रम अनुरुप मिति २०७३ असार ३ गते शुक्रवार प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र तीनवटा सामूहिक व्यवस्थापन संस्था (सङ्गीत रोयल्टी संकलन समाज नेपाल, प्रस्तोता समाज नेपाल र सङ्गीत उत्पादक समाज नेपाल) को संयुक्त आयोजनामा "पाइरेसी नियन्त्रणको लागि सूचना प्रविधिको उपयोग" विषयक कार्यशाला गोष्ठी काठमाडौंमा आयोजना गरिएको थियो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री भरतमणि सुवेदीज्यू प्रमुख अतिथि रहेको उक्त कार्यक्रममा सूचना प्रविधि विभागका महानिर्देशक श्री विरेन्द्र कुमार मिश्र, नेपाल प्रमाणीकरण नियन्त्रण कार्यालयका नियन्त्रक श्री दिपक श्रेष्ठ लगायत स्रष्टा, सर्जक, कलाकारहरु तथा अन्य सरोकार- वालाहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा कार्यपत्र पेश गर्नु हुँदै नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलले सूचना प्रविधिको युगमा रचना सिर्जना, विकास, उत्पादन र वितरण कार्यमा रहज भएको र अनेकौं अवसर सिर्जना हुँदा पनि त्यसबाट लाभ लिन नसकी अनधिकृत पुन उत्पादन, वितरण आदि हुंदा सूचना प्रविधिका कारणबाट हुने पाइरेसी नियन्त्रणका सम्बन्धमा प्रकाश पार्नु भएको थियो ।

कार्यक्रममा कम्प्यूटर एसोसिएसन अफ नेपालका कार्य समितिका सदस्य श्री हेमपाल श्रेष्ठले Issues in Copyright infringement on the Internet (Digital Piracy) बिषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । नेपालमा हुने डिजिटल पाइरेसीको स्वरुप, डिजिटल पाइरेसी बढ्नुको कारणको बारेमा चर्चा गर्नु भएको थियो । प्रविधिको विकास संगसंगै यसबाट प्राप्त गरिने सुविधाहरु र निम्त्याएका चुनौतीहरुको बारेमा प्रकास पार्नु भएको थियो । जसरी दिनानुदिन प्रविधिको विकास हुँदै गइरहेको छ त्यस्तै गरी चोरी (Piracy) पनि बढ्दै गइरहेको पाइएको कुरा राख्नु भयो ।

Digital प्रविधिले गर्दा Piracy गर्ने क्षेत्रमा लागेका व्यक्तिहरुले सजिलैसंग लाखौं करोडौं धनिहरुलाई केहि सेकेण्डमै share गरिदिन सक्ने भएकोले रचनाकारलाई ठूलो मात्रामा आर्थिक तथा बौद्धिक

रुपमा क्षति पुगेको कुरा व्यक्त गर्नु भयो । हाल आएर जुनसुकै text, film, script, संगीत एउटा सानो DVD, pen drive, घडिमा जडित storage मा राख्न सकिने भएकोले piracy control मा ठुलो

बाँकी पृष्ठ ११ मा

छोटकरी

कानून संशोधन सम्बन्धमा (प्रतिवेदन तयार)

प्रतिलिपि अधिकार ऐन, २०५९ लाई अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं अन्य देशहरुमा प्रचलित कानूनहरुका आधारमा संशोधन गर्न आवश्यक हुने देखि सो बमोजिम प्रतिलिपि अधिकार ऐन, २०५९ लाई समसामयिक रुपमा संशोधन गर्नका लागि संशोधनका क्षेत्रहरु पहिचान गरी प्रतिवेदन पेश गर्न नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रारको संयोजकत्वमा गठित कार्यदले प्रतिवेदन पेश गरेको छ ।

कार्यालय अनुगमन

चितवन, सिन्धुपाल्चोक, विराटनगर, महोत्तरी, जनकपुर, रसुवा, नुवाकोट, बागलुङ्ग, कास्की, सिन्धुली, रामेछाप, धादिङ्ग जिल्लाहरुमा प्रतिलिपि अधिकार हनन् तथा उजुरी, मुद्दा फैसलाका बारेमा सम्बन्धित जिल्लाको जिल्ला अदालत र जिल्ला प्रहरी कार्यालयमा अनुगमन गरी प्रतिवेदन पेश भएको छ ।

प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारको सामुहिक व्यवस्थापन विषयक पुस्तिका तयार

प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३९ बमोजिम सामुहिक व्यवस्थापन संस्थाहरु गठन भएका र ती सामुहिक व्यवस्थापन संस्थाहरुले गर्ने काम एवं सामुहित व्यवस्थापनका सम्बन्धमा स्पष्ट पार्नका लागि सामुहिक व्यवथापनको परिचय लगायतका विषयहरु उल्लेख गरी एउटा परिचयात्मक पुस्तक तर्जुमा गरी प्रकाशन गर्नका लागि आवश्यक तयारी गरिएको छ ।

राष्ट्रिय प्रतिलिपि अधिकार नीति (मस्यौदा तयार)

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट लागु भएको तत्काल सुधार कार्य योजनामा अलिखित प्रतिलिपि अधिकार नीति तर्जुमा गर्ने कार्यक्रम अनुरुप यस कार्यालयबाट प्रतिलिपि अधिकार नीतिको तर्जुमा गरिएको हो । हालसम्म प्रतिलिपि अधिकार नीति नबनेको र प्रतिलिपि अधिकारको संरक्षणका लागि राज्यको दृष्टिकोण नीति मार्फत सम्बोधन हुन नसकेकोले प्रतिलिपि अधिकार नीतिको आवश्यकता महसुस भएको हो ।

रचना दर्ता सम्बन्धी निर्देशिका तयार

प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली, २०६१ मा प्रतिलिपि अधिकारको संरक्षण प्राप्त हुने/नहुने सम्बन्धमा ऐनको दफा ३ र ४ मा उल्लेख भएको पाइन्छ तर ऐनमा भएको प्रावधानलाई थप व्याख्या र विस्तृत गरी दर्ता प्रकृया सरल र पारदर्शी बनाउन एवं दर्ता प्रकृयामा एकरुपता कायम गर्ने उद्देश्यबाट प्रतिलिपि अधिकार दर्ता निर्देशिका, २०७३ को तर्जुमा गरिएको छ ।

विश्व बौद्धिक सम्पत्ति दिवस, २०७३

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र उद्योग विभागको संयुक्त आयोजनामा मिति २०७३।०१।१४ गते (तदनुसार २६ अप्रिल २०१६) का दिन काठमाडौंमा विश्व बौद्धिक सम्पत्ति दिवसका अवसरमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको उद्घाटन पानसमा दीप प्रज्वलन गरी प्रमुख अतिथि माननीय उद्योग मन्त्री श्री सोम प्रसाद पाण्डेज्यूबाट उद्घाटन भएको थियो । प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलले आमन्त्रित प्रमुख अतिथि, विशेष अतिथि, अतिथिहरु एवं सहभागीहरुलाई स्वागत गर्दै आफ्नो मन्तव्यमा प्रतिलिपी अधिकारका बारेमा कार्यालयले गर्दै आएका कार्यहरु एवं विश्व बौद्धिक सम्पत्ति दिवसको नाराको सान्दर्भिकता सम्बन्धमा प्रकाश पार्नु भएको थियो । कार्यक्रमका प्रमुख अतिथि माननीय उद्योग मन्त्री श्री सोम प्रसाद पाण्डेयज्यूले सन् २००१ देखि विश्व बौद्धिक दिवसको रुपमा मनाउदै आएका छौ, यसमा सकारात्मक तथा नकारात्मक पक्ष पनि होलान्, पेटेन्ट, डिजायनमा एउटा कम्पनीको एकाधिकार पनि हुन सक्छ, आआफ्नो कार्यक्षेत्रभत्रि रहेका सेवा प्रवाह गर्दा विद्यमान ऐन कानुन भित्र रहेर कार्य गर्छौं भने पेटेन्ट डिजाइन आदि सिर्जनाबाट फाईदा लिन सक्छौ भन्नु भयो । उहाँले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग बैठक बसिसकेको र कार्यदल गठन भएकोले बौद्धिक सम्पत्ति सम्बन्धी कार्य गर्ने गरी नेपाल सरकारको एकिकृत संगठन निर्माण गर्न मन्त्रिपरिषद्बाट निर्णय गराउनु आवश्यक रहेको हुंदा सम्बद्ध सबै पक्ष निचोडमा पुगी एकिकृत बौद्धिक सम्पत्ति नीति तयार गरी पारित गर्नुपर्ने आवश्यकता रहेको जानकारी दिनु भयो । उद्योग मन्त्रालयका सचिव श्री सुर्य प्रसाद सिलवालले सो दिवशको सान्दर्भिकता माथि प्रकाश पार्दै बौद्धिक सम्पत्ति ओझेलमा परेको विषय भएर पनि अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिने हुंदा यसको महत्व बढि भएको, एकिकृत बौद्धिक सम्पत्ति नीति मस्यौदा तर्जुमा गरिदै गरेको जानकारी गराउनु भएको थियो। बौद्धिक सम्पत्ति सम्बन्धी कार्य गर्न नेपाल सरकारको एकिकृत संगठन बनाउने बारेमा सचिव र मन्त्रीस्तरमा छलफल भइरहेको जानकारी पनि दिनु भएको थियो । उहाँले मान्छेका बिचारलाई व्यवहारमा उतार्दा त्यसबाट हुने फाईदा ओझेलमा पारेको विषय भएकाले जनचेतनाको बिकास गर्न सम्बद्ध सबैले आ-आफ्ना समुदाय तथा समाजमा रहेका सबैले सबैलाई यस बारेमा बुझेका कुराहरु बुझाउनु पर्ने आवश्यकता औंल्याउनु भएको थियो । सो कार्यक्रमका विशेष अतिथी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री भरतमणि सुवेदीज्यूले बौद्धिक सम्पत्ती संरक्षणको महत्वपूर्ण पाटो प्रतिलिपि अधिकार धनीहरुलाई उनीहरुका रचनाको सार्वजनिक प्रयोग भए वापतको रोयल्टी रकम संकलन र वितरण गर्न यथासम्भव कार्य भईरहेको जानकारी गराउनु भएको थियो ।

रोयल्टी सम्बन्धी निर्देशन तथा अनुगमन समिति गठन

श्री व्यवस्थापिका संसद विकास समितिको निर्देशन कार्यान्वयन गर्ने सन्दर्भमा उच्चस्तरबाट रोयल्टी संकलन गर्ने, उठेको रोयल्टी मापदण्ड अनुसार वितरण गर्ने, कानून बमोजिम रोयल्टी दिनुपर्ने संस्थाहरुले समयमै दिए नदिएको अनुगमन गर्ने र बिभिन्न सरकारी निकाय तथा अन्य रोयल्टी सम्बन्धी संस्थाहरुबीच समन्वय गर्ने एवं आवश्यक पहल गर्न देहाय बमोजिमको एक उच्च संयन्त्र गठन भएको छ ।

श्री भरतमणि सुवेदी, सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	संयोजक
श्री पुष्कर नेपाल, उपसचिव, कानून (कानून), सूचना तथा सञ्चार मन्त्रालय	सदस्य
श्री भविश्वर पाण्डे, उपसचिव, गृह मन्त्रालय	सदस्य
श्री वसन्त कुमार लामा, प्रहरी उपरिक्षक, प्रहरी प्रधान कार्यालय	सदस्य
श्री सुरेश अधिकारी, अध्यक्ष, सङ्गीत रोयल्टी संकलन समाज नेपाल	सदस्य
श्री हेमन्त शर्मा, अध्यक्ष, प्रस्तोता समाज नेपाल	सदस्य
श्री निर्मल ढकाल, अध्यक्ष, सङ्गीत उत्पादक समाज नेपाल	सदस्य
श्री राजेन्द्र सिग्देल, रजिष्ट्रार, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय	सदस्य सचिव

समितिको कार्यविवरण देहाय बमोजिम तोकिएको छ:

१. रोयल्टी संकलन संस्थाले गरेको रोयल्टी निर्धारण, संकलन र वितरण गरेको रोयल्टीको अनुगमन गर्ने ।

२. रोयल्टी दिनुपर्ने संस्थाहरुले राख्नुपर्ने दस्तावेजहरु निर्धारित ढांचामा राखे, नराखेको निरीक्षण, अनुगमन गरि निर्धारित ढांचामा व्यवस्थित रुपमा राख्न निर्देशन दिने ।

३. संकलित रोयल्टी समयभित्र वितरण भए नभएको अनुगमन गरी कुनै व्यवधान भएमा व्यवधान समाधान गर्न समन्वय गर्ने र आवश्यक निर्देशन दिने ।

४. रोयल्टीको विषयमा बिभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको बिचमा समन्वयकारी भूमिका निर्वाह गर्ने तथा आवश्यक निर्देशन दिने ।

५. रोयल्टीको बिषयमा बिभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको बिचमा समन्वयकारी भूमिका निर्वाह गर्ने तथा आवश्यक निर्देशन दिने ।

६. रोयल्टी संकलन सम्बन्धमा संसदीय समिति तथा नेपाल सरकारबाट गरिएको निर्णयको कार्यान्वयन गर्ने ।

७. रोयल्टी संकलन कार्यलाई सरल, पूर्ण गराउन तथा रोयल्टी वितरण कार्यलाई पारदर्शी एवं निष्पक्ष बनाउन आवश्यक अध्ययन अनुसन्धान गरी सम्बन्धित निकायमा सुझाव पेश गर्ने ।

८. समितिले आफ्नो कार्यसम्पादनलाई सरल र चुस्त बनाउन उपसमिति गठन गर्न सक्नेछ ।

९. समितिले आफ्नो कार्यविधि आफैं बनाई कार्यान्वयन गर्न सक्नेछ ।

विना सम्झौता नगरौं प्रतिलिपि अधिकारको हस्तान्तरण ।

कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्र विषयक जनचेतनामूलक अन्तरक्रिया/गोष्ठी सम्पन्न

क) पर्सा, बीरगंज

प्रतिलिपि अधिकार सम्बन्धी कानुन र यसको उपयोगका सम्बन्धमा जनचेतना अभिबृदि गर्ने

उद्देश्यले मिति २०७२ चैत्र १४ गते नारायणी अञ्चलको वीरगंजमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलज्यूको अध्यक्षतामा "प्रतिलिपि अधिकार सम्बन्धी कानुन कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु" विषयक एक दीवसीय गोष्ठी सम्पन्न भयो । पर्सा र वारा जिल्ला एवम् आसपासका क्षेत्रहरूमा बसोबास गर्दै आएका श्रष्टा, सर्जक एवम् सरोकारवालाहरूलाई विषयवस्तु बारे जानकारी दिने र यस क्षेत्रमा हुने बौद्धिक सम्पत्तिको चोरी, दुरूपयोग, पाईरेसी आदिको अनुसन्धान एबम् न्याय प्रणालीलाई मजबुत बनाई बौद्धिक सम्पत्तिको संरक्षण,सम्बर्द्धन एवम् प्रबर्द्धन गरि कलाकार, श्रष्टा, सर्जकहरूको जीबिकोपार्जनको आधार बनाउने र समग्र राष्ट्रको अर्थतन्त्रमा योगदान दिने गरी प्रतिलिपि अधिकार तथा सम्बन्धित अधिकार संरक्षण हुनुपर्ने बारे जानकारी गराइएको थियो । गोष्ठीमा प्रस्तुत कार्यपत्र तथा सहभागीहरुबाट व्यक्त विचारहले स्रष्टा कलाकारहरुमा आशा जगाएको पाइयो । पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री केशव राज घिमिरेको प्रमुख आतिथ्य, पर्सा जिल्लाका प्रहरी उपरीक्षक श्री बाबुकाजी श्रेष्ठको विशेष आतिथ्यमा सञ्चालन भएको कार्यक्रममा रजिष्ट्रार श्री राजेन्द्र सिग्देल, पर्सा जिल्लाका प्रहरी नायव उपरीक्षक श्री होविन्द्र बोगटी र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका कानून अधिकृत श्री दिपक घिमिरेले छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

उक्त गोष्ठीमा प्रतिलिपि अधिकारका सम्बन्धमा सरोकार राख्ने कलाकार, श्रष्टा, सर्जक, व्यवसायी, एवम् नियमनकारी भुमिकामा संलग्नहुने सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, कानुन व्यवसायीहरूको सक्रिय सहभागिता रहेको थियो ।

ख) भरतपुर, चितवन

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले मिति २०७२।०९।२१ गते चितवन जिल्लाको भरतपुरमा प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु विषयक एक दिवसीय गोष्ठी सम्पन्न गरेको थियो । कार्यक्रम प्रतिलिपि अधिकार रजिष्टारको कार्यालयका रजिष्टार श्री बाबुराम गौतमले अध्यक्षता गर्नुभएको थियो । सो कार्यक्रममा उपस्थित सहभागीहरुलाई नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका शाखा अधिकृत श्री सुष्मा पोखरेलले उपस्थित सबैलाई स्वागत गर्नु भएको थियो । कार्यक्रममा जिल्ला वार एशोसिएसन चितवनका अध्यक्ष श्री चुडामणि सापकोटाले चितवनमा त्यस दिन सम्म बौद्धिक सम्पत्ति चोरीको मुद्दा नआएको जानकारी गराउँदै बौद्धिक सम्पत्तिको उल्लंघन भएमा पहिलो व्यक्ति पिडित हुन्छ र सरकारवादी मुद्दा चल्ने, जिल्ला प्रहरी कार्यालयमा उजुरी दिनुपर्ने र ऐनले साहित्यिक क्षेत्रमा लाग्नेलाई संरक्षण गरेको बताउनु भयो । मन्तव्यकै क्रममा प्रमुख अतिथि चितवन जिल्लाका तत्कालिन प्रमुख जिल्ला अधिकारी श्री विनोद सिंहले प्रतिलिपि अधिकार भनेको सुनेको विषय हो तर कार्यान्वयन नभएको विषय हो, प्रयोग कम भएको छ । सर्जकले चासो नराखेकोले चोरी भएको हो । नेपाल सरकारले संस्था स्थापना गरी प्रचार प्रसार गरेको छ । कार्यक्रममा देखिएको उपस्थितिले यस क्षेत्रमा सबैको चासो बढेको छ प्रष्ट पारेको हुंदा यसको कार्यान्वयन गर्ने र सजायं दिलाउने काम गर्नु जरुरी रहेकोले कानून कार्यान्वयन गर्न सबैको सक्रिय सहयोग हुनुपर्छ भन्नुभयो । प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका रजिष्ट्रार श्री बाबुराम गौतमले प्रविधिको विकास सगै चोरी बढ्दै जान्छ, पि.एच.डी.को थेसिस सारेर आएका उजुरी पनि आउंछन् । बौद्धिक चोरी सबै भन्दा खतरा हुन्छ, यो क्षेत्रमा लाग्ने सर्जकहरुका पनि आफ्नै व्यथा भएको बारे प्रकाश पार्नु भएको र उहांको प्रतिलिपि अधिकार सम्बन्धमा कानूनी प्रावधान तथा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको भूमिका सम्बन्धमा कार्यपत्र प्रस्तुतीका क्रममा सहभागीहरुलाई जानकारी गराउनु भयो । कानून व्यवसायी रमेश काफ्लेले कार्यपत्र माथि टिप्पणी

गर्दै बौद्धिक सम्पत्तीलाई हेर्दा धेरै जसो जिम्मेवारी प्रहरी र अदालततिर गएको देखिन्छ । परिवर्तित सन्दर्भ, सूचना प्रविधिको युगमा सबैभन्दा ठुलो सम्पत्ति बौद्धिक सम्पत्ति भएकोले कानूनमा भएका व्यवस्था कार्यान्वयन गर्न सर्जक आफै सजक हुनुपर्ने, स्वयम् व्यक्ति सचेत भएन भने कानूनी उपचार प्राप्त गर्न नसक्ने तथा सर्जकको क्षतिपूर्ति पनि कठिन रहेको बारे टिप्पणी गर्नु भएको थियो । छलफल तथा अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले बिभिन्न सुझावहरु दिदै नैतिक अधिकार पचास बर्षको साटो सय बर्ष हुनुपर्ने पहल गरियोस, प्रहरी अधिकृत कानूनको विद्यार्थी हुनुपर्ने, भन्सार अधिकृतको काम औचित्यहिन हुने, प्रतिलिपि अधिकार सम्बन्धी सामग्री रेडियो, टेलिभिजनबाट बज्नु पर्ने, साइवर र ग्लोवल साइवर भएकोले साइवर होल्डरलाई र थेसिस गर्ने विद्यार्थीलाई पनि यस्ता कार्यक्रममा सहभागी गराईनु पर्छ भन्ने उल्लेख गर्नु भएको थियो ।

बिश्व पुस्तक तथा प्रतिलिपी अधिकार दिवश, २०७३

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्रिय पुस्तक बिक्रेता तथा प्रकाशक संघ र नेपाल प्रज्ञा प्रतिष्ठानका संयुक्त आयोजनामा मिति २०७३।०१।११ गते (तदनुसार २३ अप्रिल २०१६) का दिन काठमाडौंमा बिश्व पुस्तक तथा प्रतिलिपी अधिकार दिवश मनाइयो । सो दिवशका अवसरमा पुस्तक लेखन, सम्पादन, प्रकाशन तथा विक्रि वितरण संग सम्बद्ध बिज्ञ तथा सम्बन्धित व्यक्तिहरु एवं सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरु सहभागी रहेको अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

नेपाल राष्ट्रिय पुस्तक बिक्रेता तथा प्रकाशक संघका अध्यक्ष श्री वसन्त बहादुर थापाको अध्यक्षतामा सञ्चालिन सो कार्यक्रममा प्रमुख अतिथि माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री श्री बलबहादुर महत हुनु हुन्थ्यो । उक्त अवसरमा नेपाल राष्ट्रिय पुस्तक बिक्रेता तथा प्रकाशक संघबाट हरेक वर्ष प्रदान गरिदैं आएको बर्ष पुस्तकको पुरस्कार यस बर्ष श्याम बहादुर खड्काद्वारा लिखित “मस्टो संस्कृति र परम्परा” पुस्तकलाई प्रदान गरिएको छ । बिश्व पुस्तक दिवसको अवसरमा आयोजना गरिएको सो कार्यक्रममा लेखक, प्रकाशक तथा प्रतिलिपि अधिकारको बिषयमा चर्चा गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्य मन्त्रीज्यूले आफ्नो सम्बोधनका क्रममा पुस्तक सबै क्षेत्र र सीमान्तकृत समुदायसम्म पुऱ्याउन सके ठूलो महत्वको हुने बताउनु भयो । साथै पुस्तक लेख्नेको योगदानसगै प्रकाशकले लगानी गरेको हुन्छ भन्दै उहाँले दुबैले सम्मान र प्रोत्साहन पाउनुपर्नेमा जोड दिदै पुस्तकका बिषयमा भैरहेका अनधिकृत प्रकाशन लगायतका सबैखाले गतिबिधि अन्त्य गरी सही ढंगले सही प्रतिलिपि अधिकारवालालाई लाभांश बितरण गर्न सकियोस भन्ने उद्देश्य सहित काम भैरहेको बताउनु भयो ।

कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगा प्रसाद उप्रेतीज्यूले लेखक र रंगकर्मीले प्रतिफलको आशा नराखे पनि पछिल्लो समय यसप्रति चासो बढ्दै गएको बताउँदै पुस्तक लेखकले पनि आफ्नो कृति प्रकाशन भएर बजारमा गएपछि केही प्रतिशत लाभाशं लेखकस्वका रुपमा पाउनु पर्ने दाबी गर्न थालेको भन्दै यो उनीहरुको अधिकारको बिषय पनि भएको बिचार व्यक्त गर्नु भयो ।

नेपाल प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार राजेन्द्र सिग्देलले प्रतिलिपि अधिकार संरक्षणको महत्व दर्शाउँदै सबै स्रष्टा कलाकार लगायत प्रकाश्क र वितरकहरु प्रतिलिपि अधिकार संरक्षण सम्बन्धी कानुनी प्रावधान बारे जानकार रहनु पर्ने आवश्यकता रहेको बताउनु भयो । प्रतिलिपि अधिकार संरक्षणमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको अधिकार क्षेत्र रचना दर्ता रोयल्टी सम्बन्धी संस्थाको नियमन एवं अनुगमन गर्नु रहेको बताउनु भयो। उहाँले प्रतिलिपि अधिकारका क्षेत्रमा अनधिकृत काम गर्नेलाई कारवाही गर्न प्रहरी प्रशासन र अदालतकै सहयोग लिनुपर्छ, अब प्रहरीको तल्लो निकायसम्म प्रतिलिपि अधिकार सम्बन्धी प्रहरी सेलको स्थापना गर्ने सम्बन्धमा कार्यवाही भैसकेको, प्रतिलिपी अधिकार ऐन, २०५९ परिमार्जन गर्ने लगायतका विषयमा अध्ययन गर्ने र यस क्षेत्रमा केही सुधारको प्रयास भईरहेको जानकारी दिनु भयो ।

१९९५ मा युनेस्कोले पहिलोपल्ट पुस्तक दिवस मनाउने घोषणा गरेपछि अहिलेसम्म उक्त दिवश बर्षै पिच्छे मनाइदै आइएको छ । विश्व प्रसिद्ध लेखक तथा साहित्यकार शेक्सपियर जन्मेको दिन अप्रिल २३ का दिन बिश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस मनाईने गरिन्छ ।

संगीत रोयल्टी.....

कार्यक्रमका प्रमुख अतिथि व्यवस्थापिका संसद्, विकास समितिका माननीय सभापति श्री रविन्द्र अधिकारीले सङ्गीतलाई व्यवसायिक बनाउन सक्नु पर्ने, जीवनको अभिन्न अङ्ग बनाउनु पर्ने, आजको आवश्यकता रहेको विचार व्यक्त गर्दै यस क्षेत्रले पनि आफ्नो अस्थित्वका लागि प्रविधिको विकाससंग अगाडी बढ्नु पर्ने जरुरी रहेको एवं सर्जकहरु सधैं दुःखी हुने अवस्थाको अन्त गर्नु पर्ने विचार व्यक्त गर्नु भयो । उहाँले एउटै विषयमा एकै आर्थिक बर्षमा विकास समितिमा दुइटा बैठक गरिएकोले यस क्षेत्रलाई प्राथमिकतामा राखिएको व्यहोरा जानकारी दिदै NCELL संग रोयल्टी सम्बन्धी संस्थाको सम्झौता भएका जानकारी पाइएको, अब रोयल्टी संकलन गरी वितरण गर्नु पर्ने जरुरी देखिएको बताउनु भयो । सङ्गीतलाई व्यवशायिक प्रयोजनका लागि आम प्रयोगकर्तामा लैजाँदा कानुन बमोजिमको रोयल्टी लिंदा दिंदा दुबै पक्षलाई आनन्द आओस, दुबै खुशि बनौं, भन्नु हुँदै उहाँले स्रष्टा एवं श्रमिकको मूल्य तिर्न सक्दैन भने त्यस विषयलाई कानूनको दायरामा ल्याउनु पर्ने विचार व्यक्त गर्नु भयो ।

कार्यक्रमका अध्यक्ष श्री हेमन्त शर्माले सार्वजनिक यातायात व्यवशायीहरुबाट रोयल्टी सम्बन्धमा छलफल गर्न आयोजित सो कार्यक्रममा सकारात्मक भई सहभागी भई दिनु भएकोमा धन्यवाद दिदै सानो अंशको रुपमा रोयल्टी दिन हिचकिचाउनु नहुने र रोयल्टी सम्बन्धी विषयलाई व्यवस्थापिका संसद् विकास समितिको बैठकमा लगी छलफल गरी नेपाल सरकारका विभिन्न निकायहरुलाई कार्यान्वयन गर्न निर्देशन दिने नेतृत्व गरि दिनु भएकोमा माननीय श्री रविन्द्र अधिकारीज्यू प्रति आभार प्रकट गर्नु भयो ।

कार्यक्रममा यातायात व्यवशायी संघ संगठनका पदाधिकारी तथा प्रतिनिधिहरुबाट सङ्गीतको सार्वजनिक प्रयोग गरे वापत रोयल्टी दिन सकारात्मक रहेको धारणा राख्नु भएको थियो । कार्यक्रमको सञ्चालन प्रस्तोता समाजका उपाध्यक्ष श्री तुलसी पराजुलीले गर्नु भएको थियो ।

नक्कली उत्पादनको प्रयोग कहिल्यै नगरौं ।

प्रतिलिपि अधिकार कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू विषयक तालिमहरू सम्पन्न

(क) काठमाडौं

प्रतिलिपि अधिकारको विषयमा स्वयं प्रतिलिपि अधिकार धनि, यसका प्रयोगकर्ता, व्यवसायी, कानून कार्यान्वयन गर्ने सरकारी निकायका जनशक्ति लगायतका आम नागरिकमा जानकारी कम भएको विद्यमान अवस्थालाई मध्यनजर गरि प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट छलफल, अन्तरक्रियात्मक गोष्ठी, बजार अनुगमन लगायत तालिम कार्यक्रम सञ्चालन हुदै आएको छ । सोहि बमोजिम चालु आ.व.को स्वीकृत बार्षिक कार्यक्रम अनुरुप सरकारी वकिल, नेपाल वार एसोसियसन, सर्वोच्च वार एसोसियसन, पुनरावेदन वार एसोसियसन, जिल्ला वार एसोसियसनका कानून व्यवसायीहरु तथा नेपाल प्रहरीका अधिकृतहरु तथा साहित्यिक, कला, गीत, संगीत लगायतका स्रष्टा सर्जक, प्रस्तोता रेकर्डिङ संस्था तथा प्रतिलिपि अधिकार सम्बद्ध उद्योग व्यवसायीलाई एउटै मञ्चमा राखेर प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको व्यवस्था तथा सुधारका क्षेत्र बारेमा अन्तरक्रिया, छलफल गर्न आयोजना गरिएको "प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था तथा सुधारका क्षेत्र" विषयमा एक दिवसीय तालिम मिति २०७२।७।२३ मा काठमाडौंमा आयोजना गरिएको थियो । कार्यक्रममा प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारसंग सम्बद्ध विज्ञ, श्रष्टा, सर्जक, उत्पादक, संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उल्लेख्य सहभागिता रहेको थियो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार बाबुराम गौतमले कार्यक्रमको अध्यक्षता गर्दै गोष्ठीमा उपस्थित सबैलाई स्वागत गर्नुभएको थियो । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री दिनेश कुमार थपलिया प्रमुख अतिथि हुनुहुन्थ्यो ।

कार्यक्रममा पहिलो कार्यपत्र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्रीमान् दिनेश कुमार थपलियाज्यूले "बौद्धिक सम्पत्ति र प्रतिलिपि अधिकार" सम्बन्धी विषयमा प्रस्तुत गर्नुभएको थियो । प्रतिलिपि अधिकारका क्षेत्र,

बौद्धिक सम्पत्ति र प्रतिलिपि अधिकारका प्रकार, नेपाल सरकारको प्रतिलिपि अधिकार संरक्षणमा भूमिका र यस ऐन र नियमावलीका अन्तर्राष्ट्रिय आधारहरुको बारेमा कार्यपत्र प्रस्तुतको क्रममा उहांले व्याख्या गर्नुभयो । यसैगरी प्रतिलिपि अधिकार संरक्षणमा सरकार र नीजि क्षेत्र दुबै क्षेत्रको उत्तिकै भूमिका रहने कुरा उल्लेख गर्नुभयो । सरकारी तर्फ प्रहरी, अदालतहरु, निजी तर्फ कानून व्यवसायीको भूमिका महत्वपूर्ण हुने र संस्थागत तर्फ संगीत रोयल्टी संकलन समाज, प्रस्तोता समाज, संगीत उत्पादक समाज नेपालले प्रतिलिपि अधिकार संरक्षणमा महत्वपूर्ण भूमिका रहने उल्लेख गर्नुभयो । अबको समयमा ऐन सम्बन्धी चेतना जागरण गर्न जरुरी रहेको प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली, २०६१ संशोधन कार्य अगाडी बढाउने कुरामा आफ्नो तर्फबाट सहयोग रहने कुरा उल्लेख गर्नुभयो । कार्यक्रममा दोस्रो कार्यपत्र अधिवक्ता श्री परशुराम कोइरालाले "प्रतिलिपि अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनको सामान्य जानकारी" विषयमा प्रस्तुत गर्नुभएको थियो । बौद्धिक सम्पत्तिको एक शाखाको रुपमा रहेको प्रतिलिपि अधिकार दृश्य नहुने र संसारमा दिनानुदिन आविष्कार भइरहेका Technological Development को कारणले रचयिताको सृजनालाई गैरकानूनी रुपले प्रयोग गरी त्यसका अनधिकृत प्रतिहरु निकाली सस्तोमा विक्री गर्न सजिलो भएको प्रचलनले गर्दा नै Human Being को संरक्षण र हौसलाको लागि बौद्धिक सम्पत्ति सम्बन्धी कानूनको आवश्यकता पर्ने कुरा उल्लेख गर्नुभयो ।

(ख) धनकुटा

प्रतिलिपि अधिकारको विषयमा स्वयं प्रतिलिपि अधिकारधनि, यसका प्रयोगकर्ता, व्यवसायी कानून कार्यान्वयन गर्ने सरकारी निकायका जनशक्ति लगायतका आम नागरिकमा जानकारी कम भएको विद्यमान अवस्थालाई मध्यनजर गरि प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट छलफल, अन्तरक्रियात्मक गोष्ठी बजार अनुगमन लगायत तालिम कार्यक्रम सञ्चालन हुंदै आएको छ । सोहि बमोजिम चालु आ.व.को स्वीकृत बार्षिक कार्यक्रम अनुरुप प्रतिलिपि अधिकार संरक्षणमा सरोकार राख्ने विभिन्न निकायका व्यक्तिहरुसंग "प्रतिलिपि अधिकार कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु" विषयक तालिम जिल्ला विकास समितिको कार्यालय धनकुटाको सभाहलमा मिति २०७२।९।२९ मा आयोजना गरिएको हो । सरकारी वकिल, जिल्ला वार एसोसियसन, पुनरावेदन सरकारी वकिल, पुनरावेदन वार एसोसियसनका कानून व्यवसायीहरु तथा नेपाल प्रहरीका अधिकृतहरु लगायत अन्य सरोकारवाला व्यक्तिहरु करीव ७१ जना उपस्थित कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बाबुराम गौतमले अध्यक्षता गर्नु भएको साथै सो कार्यक्रममा पुनरावेदन अदालत धनकुटाका मुख्य न्यायाधीश श्रीमान् प्रकाश ढुंगानाले प्रमुख आतिथ्य ग्रहण गर्नु भएको थियो । सो कार्यक्रममा पहिलो कार्यपत्र अधिवक्ता रोहित कुमार डांगीले "प्रतिलिपि अधिकार सम्बन्धी कानूनी व्यवस्था र चुनौती" विषयमा प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमा प्रतिलिपि अधिकारको विषय, क्षेत्र, ऐन र ऐन अन्तर्गतका बिभिन्न विषयहरु माथी प्रकाश पार्नु भएको थियो । प्रतिलिपि अधिकार ऐन उल्लंघन गर्नेलाई दण्ड र सजायको बारेमा सहभागीहरुलाई जानकारी गराउनु भएको थियो । कार्यपत्र प्रस्तुत गर्ने क्रममा उहांले प्रतिलिपि अधिकार ऐनमा देखिएका समस्याका बारेमा व्याख्या गर्ने क्रममा जिल्ला अदालतले शुरु कारवाही गर्ने भन्ने व्यवस्थाका कारण पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने भन्ने रहेकोले अधिकार क्षेत्रको अस्पष्टता रहेको साथै कसुरदारलाई जरिवाना र कैद भएतापनि स्रष्टाले केही पनि नपाउने अवस्था रहेकोले ऐन विरोधाभाषपूर्ण रहेको कुरा औंल्याउनु भएको थियो । कार्यक्रममा दोस्रो कार्यपत्र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार बाबुराम गौतमले "प्रतिलिपि अधिकार ऐन २०५९ का मुख्य प्रावधानहरु र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले गरेका कार्यहरु" सम्बन्धी विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमा सम्पत्ति अन्तर्गतका चल अचल र बौद्धिक सम्पत्तिको चित्र प्रस्तुत गर्दै मानिसको मस्तिष्कले श्रृजना गरेका सबै कुरा बौद्धिक सम्पत्ति हुन् । बौद्धिक सम्पत्ति अधिकार पनि अन्य सम्पत्ति अधिकार जस्तै आफुखुशी उपयोग गर्न सकिन्छ, अरुलाई प्रयोग गर्न अनुमति दिन सकिन्छ । धनीको स्वीकृतिविना प्रयोग गर्न रोक लगाउन सकिन्छ भन्दै बौद्धिक सम्पत्तिको वर्गीकरण गर्नु भएको थियो ।

माराकेश सन्धी, २०१३ का मूख्य मुख्य प्रावधान तथा फाइदा

विश्वमा हरेक वर्ष लाखौं पुस्तकहरु प्रकाशन हुन्छन् तर केवल १-७% मात्र विश्वमा वसोवास गर्ने दृष्टिविहिन, छापा पढ्न नसक्ने करिव २८ करोड ५० लाखका लागि उपलब्ध हुन्छन् जुन मध्ये ९०% त अल्प विकसित र विकासोन्मुख देशमा बसोबास गर्दछन् ।

विश्व वैद्धिक सम्पत्ति संगठनका सदस्य राष्ट्रहरुद्वारा सन् २०१३ जुन २७ का दिन मेक्सिकोको माराकेशमा माराकेश सन्धिको घोषणा गरेका थिए जुन दृष्टिविहिन, देख्न नसक्ने र छापा पढ्न नसक्नेहरुका लागि प्रकासित सामग्रीहरुको पहुँचलाई सहजीकरण गर्ने सन्धिको उद्देश्य हो जसलाई विश्व पुस्तक अनिकाल (Famine) संग सन्दर्भ जोडिएको छ । मानव अधिकारको विशवव्यापी घोषणामा मानव अधिकार निर्देशक सिद्धान्तमा अनुभूत भएको, दृष्टिविहिनहरुको अधिकार सम्वन्धि संयुक्त राष्ट्र सङ्घीय अभिसन्धी जस्तै दृष्टि विहिनहरुका लागि सहज पहुच पुग्ने सामग्री तयार गर्नका लागि प्रतिलिपि अधिकार सन्धी हो जसले स्पष्ट मानव अधिकारको भावनाबाट समाविष्ट भएको छ ।

माराकेश सन्धिले के दर्शाउंदछ भने प्रतिलिपि अधिकार पद्धतिहरु छापा पढ्न नसक्ने व्यक्तिहरुका लागि किताव तथा अन्य छापा सामग्रीहरुमा पहाचमा सुधार ल्याउने चुनौतिको समाधान गर्ने हुँदा महत्वपूर्ण भाग भएको छ ।

सन्धिका मुख्य विषयवस्तु:

१. परिभाषा: सन्धिको कार्य क्षेत्र तथा यसलाई लागु गर्ने सम्बन्धमा जानकारी दिने आधारभूत रुपमा माराकेश सन्धिमा परिभाषा दिइएकोछ । यी परिभाषाले स्पष्ट रुपमा सन्धिमा उल्लिखित सीमा र विशेष व्यवस्थाबाट लाभ लिन सक्ने को हुन् भन्ने वारेमा, पहुँयोग्य बनाउन समिने कार्य/सामग्रीका वारेमा, ती कार्य अथवा सामग्रीहरु कुन ढाँचामा अनुकुलन बनाउन सकिन्छ (पहुँचयोग्य ढाँचा) भन्ने वारेमा उल्लेख गरिएको छ ।

लाभ लिने वर्ग (लाभग्राही) का सन्दर्भमा छापा सामग्रीहरुको प्रभावकारी अध्ययन गर्न/पढ्न का लागि असमर्थ हुने एक वा धेरै असमर्थ स्थितिबाट प्रभावित जोसुकै पनि हुने भनी परिभाषित गरिएको छ । यस बृहद् परिभाषाले दृषिविहिन व्यक्तिहरु एवं पुस्तक समाउन र त्यसलाई पढ्न नसक्ने गरी भौतिक रुपमा असमर्थहरुलाई सन्धिले समेट्दछ ।

कार्यहरु एवं पहुँचयोग्य ढाँचाप्रतिका परिभाषाहरु एक अर्कासंग लाभग्राहीको अवधारणामा सम्बन्धित भएकाछन् । यसर्थमा कि कार्य भन्नाले ती सामग्रीहरुलाई जनाउँछ कि लाभग्राहीहरुले बैकल्पिक अथवा पहुँचयोग्य ढाँचामा बाहेक प्राप्त गर्न वा पढ्न असमर्थ हुन्छन् ।

यस सन्धिमा उल्लिखित कार्यको परिभाषा अन्तर्गत पुस्तक, नोटेसन तथा अथवा सम्बन्धित चित्र तस्विरहरु तथा सम्विदाकारी पक्षहरुवीच सहमति भएका दस्तावेजहरु श्रव्य पुस्तक हरु पनि समावेश हुनछन् ।

पहुँचयोग्य ढाँचा प्रतिको परिभाषा स्पष्टत: बृहद्रुपमा समेट्दछ । कुनै पनि ढाँचा जसले दृष्टिविहिन व्यक्ति वा छापा पढ्न नसक्ने व्यक्तिलाई विषयवस्तु, सहजयुक्त एवम् सम्भावनायुक्त डिजिटल फर्माटमा पनि यस्ता असमर्थ वाहेकका व्यक्तिले जसरी ती सामग्रीमा पहुँच हुन्छ ।

माराकेश सन्धिले सरकारी तथा गैरसरकारी संस्थाहरुले छापा पढ्न नसक्ने व्यक्तिहरुका लागि बैकल्पिक ढांचाका सामग्रीमा पहुंच पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्न सक्ने बारे स्वीकार गरेको छ । यस कारणले पनि यस सन्धिले निशिचत कार्यहरु गर्न ती संगठनहरुलाई स्वीकृति दिन्छ जुन नभएको भए प्रतिलिपि अधिकार कानूनले प्रतिवन्ध लगाउंथ्यो (लाभग्राहीहरुलाई सहयोग गर्न) ।

माराकेश सन्धिको परिभाषामा उल्लेख भएको छ कि अधिकार प्राप्त निकायहरुले कार्यको प्रयोगसंग सम्बन्धित केही शर्तहरु अध्ययन गर्नु/हेर्नु आवश्यक हुन्छ । उदाहरणका लागि सन्धिले लाभग्राही भनेर परिभाषा गरेका व्यक्तिहरुका लागि मात्र (सुनिश्चितता हुने गरी) पहुंचयोग्य छायां प्रतिहरुमा पहुंच पुग्न सकोस्, लाभ लिन सकुन् । माराकेश सन्धिमा कुनैपनि औपचारिकता पुरा गर्न वा कुनै विशेष कार्यविधि पुरा गर्नुपर्ने ताकि अधिकारप्राप्त निकायको रुपमा मान्यताप्राप्त गर्न । तरपनि सन्धिले राष्ट्रिय स्तरका यस प्रकारका कार्यविधि तयार गर्न Leeway सदस्यराष्ट्रहरुलाई मापदण्ड तयार गर्न रोक्दैन ।

दायित्व/कर्तव्य (Obligation)

माराकेश सन्धिले सम्झौता पक्षहरुबाट २ वटा मुख्य कर्तव्य पुरा गर्नुपर्ने गरी जब राष्ट्रियस्तरमा सन्धि लागु गर्नका लागि यद्यपि ती उनीहरुका आफ्नै कानूनी पद्धतिबाट गर्न सक्दछन्, आवश्यक ठानेको छ - पहिलो हो छापा पढ्न नसक्ने व्यक्तिहरुका लागि पहुंचयोग्य ढांचामा प्रतिलिपि बनाउन आवश्यक हुने संशोधन आदि गरेर लाभग्राहीहरु स्वयम् अधिकार प्राप्त निकायहरुलाई प्रतिलिपि अधिकारको सीमाको विशेष व्यवस्था बनाउनु पर्दछ ।

दोस्रो हो– लागु भएका कानून बमोजिम अथवा माराकेश सन्धिले प्रावधान गरे बमोजिम सीमा अथवा विशेष व्यवस्था बमोजिम उत्पादन भएका यस प्रकारका पहुंचयोग्य सामग्रीहरुको सीमावारपार गर्न स्वीकृति दिने (भन्सार विन्दुमा) ।

अन्य अन्तर्राष्ट्रिय सन्धिहरुसंगको सम्बन्ध

माराकेश सन्धिको अन्त्य सन्धिहरुसंग औपचारिक सम्बन्ध रहदैन । अरु अन्तर्राष्ट्रिय सम्झौताहरुमा सदस्य राष्ट्रहरुले सकारेका दायित्वमा समेत प्रभाव पर्दैन । वास्तवमा माराकेश सन्धिबाट राष्ट्रिय स्तरमा सीमा तथा विशेष व्यवस्था सम्बन्धमा अन्तर्राष्ट्रिय दायित्व पालना गर्न सदस्य राष्ट्र/पक्षहरुलाई थप बल पुग्दछ । अन्तर्राष्ट्रिय व्यवस्थाहरुमा कि वर्न अभिसन्धिमा प्रावधान भएको तीन तहको परीक्षण भनिनेसंग सम्बन्धित कर्तव्य हो, WIPO Copyright Treaty र TRIPS सम्झौता सामान्यतया जहां चाहिन्छ त्यहाँको वास्तविक वाक्यांश उल्लेख भएकोमा निर्भर रहंदा तीन तहको परीक्षणले राष्ट्रिय कानूनमा प्रावधान हुने सीमा तथा विशेष व्यवस्था

- केहि निश्चित विशेष अवस्था
- कार्यको सामान्य exploitation संग अमिल्दो हुदैन
- अधिकारवालाको कानूनी अधिकार/हितमा कारणविना (अकारण) पूर्वाग्राही हुदैन ।

लागु गर्दा/पक्ष राष्ट्र बन्दा प्राप्त हुने लाभ

माराकेश सन्धिको एउटै लक्ष्य तथा लाभ भनेको छापा पढ्न नसक्ने दृष्टिविहिन र दृष्टि कमजोर रहेका विश्वका जनसंख्यालाई पुस्तक, म्यागाजिन,

पत्रिका तथा अन्य छापा सामग्रीमा पहुंच बृद्धि गर्नु रहेको छ ।

यस सन्धिबाट अपेक्षा गरिएको विषय भनेको सन्धि लागु हुने विकासशील तथा अल्पविकसित जुनसुकै देशमा जहां छापा सामग्री पढ्न नसक्ने दृष्टि कमजोर भएका मानिसहरु बसोकास गर्दछन् ती सबै देशमा ठोस सकारात्मक प्रभाव पार्नेछ । अपेक्षा गरिएका फाइदा देहाय बमोजिम हुन्-

१) छापा पढ्न नसक्ने व्यक्तिहरुसंग समुदायले भोगका चुनौतिहरुका बारेमा जनचेतनामा सुधार हुने – दृष्टिविहिन अथवा अपाङ्गता भएका मानिहरुका लागि लाभप्रद नीतिको आवश्यकता बारेमा जनचेतना अभिवृद्धि गर्ने एवं छलफललाई यस माराकेश सन्धि एक महत्वपूर्ण औचार हो । उदाहरणका लागि माराकेश सन्धिको कार्यान्वययनबाट अरु प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि कार्यहरुमा पहुंच पुऱ्याउन सम्बद्ध अथवा UNCRPD का अतिरिक्त (विशेष) प्रावधानहरु कार्यान्वयन गर्न दवाव दिन्छ (अपाङ्गता भएका मानिसहरुको वृद्ध समुदायको पक्षमा)

२) शिक्षामा बढि भन्दा बढि पहुंच– कुनै सन्देह रहदैन कि शिक्षाले समाजमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ एवं व्यक्तिको जीवनमा मापन र्न नसकिने असर परेको हुन्छ । पहुंचयोग्य ढांचामा शैक्षिक सामग्रीहरुको पहुंच हुने हुंदा छापा पढ्न नसक्नेका लागि शैक्षिक अवसरहरु प्राप्त गर्न सवल बनाउन अत्यावश्यक/अपरिहार्य हुन्छ । यसै सायमा शैक्षिक संस्थाहरु पनि पहुचयोग्य ढांचामा सामग्रीमा पहुंच उपलव्ध भएमा छापा पढ्न नसक्ने व्यक्तिहरुका लागि सेवा उपलव्ध गराउन सक्दछन् । मासाकेश सन्धिले पहुंचयोग्य ढांचामा शैक्षिक सामग्री उपलव्ध गराउन सकिने अवस्था रहने हुंदा छापा पढ्न नसक्नेहरुका लागि पनि शिक्षामा समान पहुंच पाउन सक्ने देखिन्छ ।

३) सामाजिक एकता र सांस्कृतिक सहभागितामा अभिवृद्धि हुने: सूचना तथा ज्ञान समान स्रोतमा समान पहुंच भएबाट केवल सिकाईका लागि मात्र महत्वपूर्ण नभएर समावेशीता र सांस्कृतिक सहभागितामा पनि महत्वपूर्ण हुन्छ । शैक्षिक तथा अन्य ज्ञानवर्द्धक (जानकारीमूलक) सामग्रीहरुमा पहुंचमा सुधार गरेर माराकेश सन्धिले बढी भन्दा बढी समावेशीता र सहभागिता (छापा सामग्री पढ्न नसक्ने मानिसहरुबाट) आ-आफ्नो समुदायको सांस्कृतिक एवं सामाजिक जीवनमा पनि सहज बनाउनेछ ।

ज्ञानवर्द्धक सामग्रीहरु जस्तो पुस्तक, पत्रपत्रिकाहरु, म्यागाजिन आदिले समाजमा सूचना एवं मनोरंजन दिन सक्दछन् एवं स्थानीय संस्कृतिमा प्रस्तुति तथा प्रदर्शनीमा पनि महत्वपूर्ण भूमिका रहन्छ । यो समान रुपमा महत्वपूर्ण छ कि छापा पढ्न नसक्ने व्यक्तिहरुको समुत्थानमा यी सामग्रीहरुमा पहुंच हुंदाका बखत उनीहरु सांस्कृतिक विकास अभियानमा उपभोक्ता/प्रयोगकर्ताका रुपमा अथवा सर्जकका रुपमा अवसर उपलव्ध हुन सक्षम हुन्छन् ।

४) गरिवी निवारण तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान बढ्ने - व्यक्तिगत पेशागत विकासका लागि शिक्षा हासिल गर्नु नितान्त निर्भर रहन्छ । पहुंचयोग्य ढांचामा सिक्ने सामग्रीहरुको उपलव्धताबाट माराक्श सन्धि गरिवि निवारणको शक्तिशाली औजार बन्न सक्छन । प्शागत व्यक्तित्व विकासका लागि छापा पढ्न नसक्ने व्यक्तिहरुलाई अवसर उपलव्ध गराउन, स्थानीय अर्थतन्त्रमा उनीहरुको योगदान दिन सक्ने बनाएर एवं आर्थिक रुपमा आत्मनिर्भर दिन सक्ने बनाएर एवं आर्थिक रुपमा आत्मनिर्भर बनेर । यसका अतिरिक्त राष्ट्रिय प्रतिलिपि अधिकार कानून अन्तर्गत रही पहुंचयोग्य ढांचामा कार्यहरुमा केन्द्रित भई आफ्नो उत्पादन तथा वितरणमा सुनिश्चितता पूर्वक प्रणाली सुधार गर्दै कार्य बढाउंदा माराकेश सन्धिले स्थानीय प्रकाशन उद्योगहरु सुदृढ गराउन तथा प्रतिलिपि अधिकार सम्बद्ध उद्योगहरुमा लगानी बढाउन बढावा दिनेछ र अन्ततोगत्वा आर्थिक र विकासमा महत्वपूर्ण साधन (drivers) हुन् ।

लागु हुने

यो माराकेश सन्धि २० वटा योग्य पक्षहरुबाट WIPO को निर्देशकलाई सन्धिको पक्ष राष्ट्र बनेको अथवा सन्धिलाई सम्मिलित गरेको जानकारी गराएको ३ महिना पछि लागु हुनेछ । जुन ३०, २०१६ सम्ममा २० वटा सदस्य राष्ट्रहरुबाट उक्त सन्धि पक्ष राष्ट्र बन्ने घोषणा गरेको हुँदा ३ महिना पश्चात् माराकेश सन्धि लागु हुने विश्व बौद्धिक सम्पत्ति संगठनले जनाएको छ ।

यो सन्धि सम्विदाकारी पक्षहरुको सभा (Assembly) अन्य अन्तरसरकारी संस्थाहरु अथवा युरोपियन संघ WIPO का सदस्य राष्ट्रहरुलाई खुला छ । यस सन्धिको पक्षविना अन्य कुनैपनि अन्तर्राष्ट्रिय प्रतिलिपि अधिकार सन्धिको सदस्य हुनै पर्ने आवश्यकता छैन ।

(विश्व वैद्धिक सम्पत्ति संगठन, जेनेभा २०१६)

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय
कालिकास्थान, काठमाडौंको

अनुरोध

साहित्य, संगीत, कला, नाटक, चलचित्र, गायन, नृत्य, अभिनय, फोटोग्राफी, आर्किटेक्ट डिजाइन, टोपोग्राफी नक्सा, कम्प्युटर प्रोग्राम, ज्ञानविज्ञान तथा प्रविधि र मौलिक एवं बौद्धिक रुपले सिर्जना भएका प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारको संरक्षणका लागि प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली २०६१ रहेको छ । प्रतिलिपि अधिकार ऐनले अधिकार धनीको आर्थिक तथा नैतिक अधिकार संरक्षण गर्नुका साथै संरक्षित अधिकारको उल्लंघन भएमा पहिलो पटक भएमा कसुरको मात्रा अनुसार दश हजार देखि एकलाख रुपैयासम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुबै सजाय हुने र दोस्रो पटक देखि पटकै पिच्छे बीस हजार देखि दुईलाख रुपैयासम्म जरिवाना वा एकवर्ष कैद वा दुबै सजायं हुने तथा अनधिकृत रुपमा प्रयोग गरिएका त्यस्ता सामग्रीहरु जफत हुने व्यवस्था समेत गरेको छ । अनाधिकार प्रतिलिपिहरुको पैठारी गरेमा त्यस्तो सामग्री जफत गरी कसुरको मात्रा अनुसार दश हजार देखि एकलाख रुपैयासम्म जरिवाना हुने र प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई त्यस्तो पैठारीबाट भएका नोक्सानीको क्षतिपूर्ति समेत पैठारी गर्ने व्यक्तिबाट गराई दिने व्यवस्था छ ।

अधिकार स्थापित भएका रचना रेकर्ड भएका क्यासेट, सि.डी. लगायत श्रव्य दृश्य रचना र गायन, वादन, नृत्य, अभिनय जस्ता सिर्जनाहरुको अनुमति विनाको प्रयोग गैरकानूनी र दण्डनीय हुने हुंदा आफ्नो हक नपुग्ने अरुले सिर्जना गरेका मौलिक रचना, सिर्जनाहरुको अनधिकृत उत्पादन, विक्रि वितरण, सार्वजनिक सञ्चार भाडामा दिने, रचनाको अनुकरण गरी विज्ञापन वा प्रचार प्रसार गर्ने जस्ता कार्य गर्दा सम्बन्धित स्रष्टाको सहमति विना नगर्न नगराउन आग्रह गर्दै सिर्जनाको प्रयोग गर्दा सहमतिमा गर्ने गराउने वातावरण तयार गर्न समस्त अधिकार धनी, व्यवसायी, प्रयोगकर्ता एवं सर्वसाधारण उपभोक्ता समक्ष नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय हार्दिक अनुरोध गर्दछ ।

नेपाल MARRAKESH TREATY को पक्षराष्ट्र बन्ने सम्बन्धमा अन्तरक्रिया कार्यक्रम

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले मिति २०७२।८।१० गते काठमाडौंमा Marrakesh Treaty को नेपाल पक्ष राष्ट्र बन्ने सम्बन्धमा सरोकारवा निकाय, विज्ञ तथा सम्बन्धित व्यक्तिहरुसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बाबुराम गौतमको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उहांले दृष्टिविहिन, दृष्टी क्षमता न्यून भएका वा अन्य मुद्रित वस्तु हेर्न असमर्थ व्यक्तिलाई प्रतिलिपि अधिकारजन्य प्रकाशित कृतिहरुको पहुंचलाई सहज बनाउन विशेष अवस्था गर्ने गरी WIPO प्रशासनिक हुने सन्धि Marrakesh Treaty भएको बारेमा जानकारी गराउनु भयो। सो कार्यक्रममा विशेष अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री भरतमणि सुवेदीज्यूले प्रतिलिपि अधिकार र Marrakesh Treaty को महत्व बारेमा आफ्नो भनाइहरु राख्नुभयो । कार्यक्रमका प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री साधुराम सापकोटाले सरोकारवालाहरुबाट आएका राय प्रतिक्रिया समावेश गरी मन्त्रालयले निर्णय गरी मन्त्रिपरिषदमा प्रस्ताव पेश गरिने, मन्त्रिपरिषद्बाट निर्णय भएपछि अनुमोदनका लागि व्यवस्थापिका संसदमा पेश गर्ने, संसदबाट पारित भएपछि परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित निकायमा पठाउने जानकारी गराउनु भएको थियो । कार्यपत्र प्रस्तुतिका क्रममा Marrakesh Treaty का मुख्य मुख्य प्रावधान र नेपाल सो Treaty को पक्ष राष्ट्र बन्न पुरा गर्नुपर्ने प्रकृयाका सम्बन्धमा वाणिज्य कानून मञ्चका अधिवक्ता शम्भु नेपालले प्रस्तुत गर्नु भएको थियो । प्रस्तुत गरिएको कार्यपत्र बारेमा टिप्पणी गर्दै डा. बल बहादुर मुखियाले दृष्टिविहिन, दृष्टिक्षमता न्यून भएका वा अन्य मुद्रित वस्तु हेर्न असमर्थ व्यक्तिहरुको प्रकाशित कृतिहरुको पहुंचलाई बढाउनको लागि गरिन लागेको सन्धि भएकोले महत्वपूर्ण रहेको, सन्धिका प्रावधान कार्यान्वयन हुंदा उनीहरुले

धेरै राम्रो काम गर्न सक्ने उदाहरण पनि दिनुभयो । सन् २००६ मा Burn Convention को पक्ष राष्ट बनेको र Marrakesh Treaty को पक्ष राष्ट बन्दा नेपाललाई फाइदै फाइदा हुने, कुनै आर्थिक कानूनी दायित्व नपर्ने देखिएको र यसरी अन्तर्राष्टिय सन्धिको पक्ष राष्ट बन्दा आफ्नो उत्तरदायित्व के हो, क्षमताको विकास कसरी गर्ने, कानूनमा कहां सुधार गर्नुपर्ने हो आदि कुराहरु प्रष्ट हुनुपर्ने विचार व्यक्त गर्नु भएको थियो ।

यसै गरी सोही बिषयमा उच्चस्तरको प्रतिनिधित्व सहितको High Level Action and Discussion Programme on Ratification of Marrakesh Treaty in Nepal बिषयक एक दिवसिय कार्यक्रम मिति २०७२।१०।१४ गते काठमाडौंमा सम्पन्न भएको छ । अन्तरक्रिया कार्यक्रममा Marrakesh Treaty का मुख्य मुख्य प्रावधानहरु र नेपाल सो Treaty को सदस्य राष्ट्र बन्न पुरा गर्नेपर्ने प्रकृयाका सम्बन्धमा WIPO का प्रतिनिधि विज्ञ G.R. Raghavender ले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहांले नेपाल जस्तो राष्ट्रको लागि यो सन्धि गर्दा धेरै राम्रो हुने र २० राष्ट्रमा पर्न छिटो कार्य प्रकृया पुरा गर्नुपर्ने कुरा राख्नुभयो । साथै उहांले कार्यपत्र प्रस्तुत गर्दै अधिकार नदिने हो भने मान्छे कमजोर हुन्छ, दृष्टिबिहिहरुलाई दिने अधिकार हो MARRAKESH TREATY, आफ्नो साथीको सुरक्षाको लागि पनि काम गर्नु पर्छ । प्रत्येक व्यक्तिको महत्व हुने हुंदा राज्यले प्रत्येक व्यक्तिलाई बराबरी अधिकार दिनुपर्छ भन्नुभयो । नेपालको संबिधानको मौलिक हक अन्तर्गत नै बौद्धिक सम्पत्ति राखिएको र फरक प्रकारले सक्षम वर्गका लागि राज्यले विशेष व्यवस्था गर्न सक्ने प्रावधान भएको हुंदा नेपालले माराकेश सन्धिमा पक्ष राष्ट्र बन्दा अन्तर्राष्ट्रिय समुदायमा सम्मान बढ्ने विचार व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा सोसल साईन्स बाहाँका जगदिश अर्यालले मान्छेलाई पढ्न पाउने अधिकार भएको हुंदा सन्धिको पक्ष राष्ट्र बन्दा अन्तराष्ट्रिय कानून सरह लागु हुने ती Domestic law बन्नु पर्छ भन्नुभयो । संगीत रोयल्टी संकलन समाजका अध्यक्ष सुरेश अधिकारीले जुन कानून जसको लागि बन्दैछ उनिहरु चनाखो हुनु पर्छ । दृशिटहिन दाजुभाई दिदीबहिनीहरुलाई धेरै फाईदा हुन्छ । सिधै अन्तराष्ट्रिय लाईब्रेरीबाट पढ्न सक्नु हुनेछ । केशर पुस्तकालयका प्रमुख दशरथ मिश्रले नेपालमा घोषणा गरेको धेरै नीति कार्यान्वयनमा समस्या देखिएको सन्दर्भमा सो सन्धिले लाइब्रेरियनहरुको भूमिका राखिएको नपाइएको र लाईब्रेरियनको अभावमा सफल हुन कठिनाई पर्ने हुंदा ट्रिट्री व्यबहारिक रुपमा परिमार्जन भई आओस भन्नु भयो ।

श्रव्य दृश्य प्रस्तुती सम्बन्धी बेइजिङ्ग सन्धि, २०१२

श्रव्यदृश्य प्रस्तुती सम्बन्धी बेइजिङ्ग सन्धिको नेपाल पक्ष राष्ट्र बन्ने सम्बन्धमा अध्ययन विश्लेषण गरी प्रतिवेदन पेश गर्न वाणिज्य कानून मञ्च नेपालबाट परामर्श सेवा खरिद गरी लिएकोमा सो मञ्चले उक्त सन्धिका सम्बन्धमा तयार पारेको प्रतिवेदन सम्बन्धमा सरोकारवाला व्यक्ति तथा निकायहरुसंग एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव भरतमणि सुवेदीको प्रमुख आतिथ्यमा सञ्चालन भएको उक्त अन्तरक्रिया कार्यक्रममा श्रव्य दृश्य प्रस्तुती सम्बन्धी बेइजिङ्ग सन्धिको अध्ययन प्रतिवेदनका सम्बन्धमा वाणिज्य कानून मञ्च नेपालका अधिवक्ता कृष्ण प्रसाद पनेरुले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । वहांले बेइजिङ्ग सन्धि के हो, यसका फाइदा/बेफाइदा के के छन्, नेपाल यो सन्धिको पक्ष राष्ट्र बन्दा के कस्तो फाइदा पुग्न सक्छ, कुनै आर्थिक दायित्व बेहोर्नु पर्छ पर्दैन भन्ने सम्बन्धमा उल्लेख गर्नु भएको थियो । उक्त कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलले बेइजिङ्ग सन्धिमा नेपाल पक्ष राष्ट्र बन्दाको दायित्व तथा लाभ बिषय एक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि सहसचिव श्री भरतमणि सुवेदीले बेइजिङ्ग सन्धिको नेपाल पक्ष राष्ट्र बन्ने सम्बन्धमा नेपालले पुरा गर्नुपर्ने पूर्वाधार, प्रशासनिक र कानूनी तयारी, आर्थिक दायित्व र सन्धिबाट नेपालले उपलब्ध गर्न सक्ने लाभका सन्दर्भमा व्यापक प्रस्तुती र छलफल भएको, छलफलबाट नेपाल पक्ष राष्ट्र बन्नु उपयुक्त हुने निष्कर्ष निस्केको एवं यसमा सरोकारवालाहरुको उत्साहप्रद सहभागिता देखिंदा यस प्रकारको कार्यक्रम अरुका लागि पनि उदाहरणीय बन्ने बिचार व्यक्त गर्नु भएको थियो ।

प्रतिलिपि अधिकार कानूनमा उत्पादक र रोयल्टी व्यवस्थापन बिषयक कार्यशाला गोष्ठी

प्रतिलिपि अधिकार कानूनमा उत्पादक र रोयल्टी व्यवस्थापन बिषयक कार्यशाला गोष्ठी २०७३ असार ८ गते काठमाडौंमा आयोजना भएको थियो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र सङ्गीत उत्पादक समाज नेपालको संयुक्त आयोजनामा सञ्चालित सो गोष्ठी सङ्गीत उत्पादक समाजका अध्यक्ष निर्मलराज ढकालको अध्यक्षता र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका नि. सचिव श्री सुरेश आचार्यको प्रमुख आतिथ्यमा सञ्चालन भएको थियो । कार्यक्रममा रोयल्टी बारेको सैद्धान्तिक बिषयको कार्यपत्र रजिष्ट्रार श्री राजेन्द्र सिग्देलले र रोयल्टी व्यवस्थापनमा सङ्गीत उत्पादनकको भूमिका र अधिकारका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधान बिषयमा बौद्धिक सम्पत्ती विज्ञ अधिवक्ता राजुराज सुवालले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा उपस्थित बिभिन्न पेशागत संघसंस्थाका प्रमुख/ प्रतिनिधिहरुले आ-आफ्ना विचार राख्नु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि श्री सुरेश आचार्यज्यूले प्रतिलिपि अधिकारको मुख्य उद्देश्य नै स्रष्टा/ कलाकार/ उद्यमीलाई लाभ उपलब्ध गराउनु रहेको र कानूनमा व्यवस्था गरिएको रोयल्टी संकलन तथा वितरण गर्न रोयल्टी सम्बन्धी संस्थाहरु थप क्रियाशील रहनु पर्ने, रोयल्टी व्यवस्थापन प्रभावकारी भएमा सिर्जनात्मक उद्योगलाई प्रोत्साहन मिल्न गई त्यसबाट देशको अर्थतन्त्रमा टेवा पुग्न सक्ने बताउनु भयो ।

पाइरेसी नियन्त्रणको .....

चुनौती रहेको कुरा प्रष्ट पार्नु भएको थियो ।

नेपाल प्रमाणीकरण नियन्त्रणको कार्यालयका नियन्त्रक श्री दिपक श्रेष्ठले पाइरेसी नियन्त्रण गर्ने कार्य नेपाल सरकारबाट मात्र सम्भव नहुने हुंदा निजी संस्थाहरुको पनि जिम्मेवारी रहने मन्तव्य राख्नुभएको थियो । त्यसैगरी सूचना प्रविधि विभागका महानिर्देशक श्री विरेन्द्र कुमार मिश्रले बिभिन्न साइटहरु रोक्नको लागि नेपाल प्रमाणीकरण नियन्त्रकको कार्यालयले रोक्न सक्ने तर एउटा वेभ साइट रोक्दैमा पाइरेसी समस्या समाधान नहुने मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री भरतमणि सुवेदीज्यूले प्रतिलिपि अधिकार सूचना प्रविधिको बढ्दो प्रयोग संगै पाइरेसीमा वृद्धि भएको बताउनु हुंदै यसले स्रष्टा सर्जकलाई नकारात्मक प्रभाव पारेको र कलाकारिता क्षेत्रबाटै पलायन हुने हुन् कि भन्ने डर रहेको कुरा उदृत गर्नु भएको थियो । उहांले गोष्ठीका सहभागीहरुले उठाउनु भएको जिज्ञासाहरु बारेमा प्रष्ट पार्नु भएको थियो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय तथा अन्य सरोकारवाला निकायहरुले गर्ने यस्ता प्रवर्द्धनात्मक कार्यक्रमहरुमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सधैं सहयोग रहने प्रतिवद्धता जाहेर गर्दै कार्यशाला गोष्ठीको समापन गर्नुभएको थियो ।

नयां रजिष्ट्रार नियुक्त

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको निर्णयानुसार नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको रजिष्ट्रारमा राजेन्द्र सिग्देल मिति २०७२।१२।३ देखि हाजिर हुनु भएको छ । निजामती सेवामा करिब ३६ बर्ष अवधि व्यतित गर्नु भएका सिग्देल यसअघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा कार्यरत हुनुहुन्थ्यो ।

२०७३ आषाढ मसान्त सम्मको रचना दर्ता



जम्मा रचना दर्ता १४४९

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको अनुरोध

साहित्यिक तथा कलात्मक रचना, ध्वनिअंकन, प्रस्तुति र प्रसारणका सिर्जनामा सिर्जनाकारको हक संरक्षण हुने व्यवस्था प्रतिलिपि अधिकार ऐन, २०५९ ले गरेको हुँदा सिर्जनाको प्रयोगमा देहाय बमोजिम सतर्कता अपनाउनु हुन अनुरोध छ ।

* कसैले तयार गरेको सांगीतिक रचनामा अनुमति नलिई तोडमोड वा रिमिक्स गर्नु हुँदैन ।
* चलचित्रको पूरै वा आंशिक अंश चलचित्र उत्पादकको अनुमति नलिई पुनरुत्पादन गर्नु हुँदैन ।
* फोटोजन्य रचनाको प्रयोग गर्दा फोटोग्राफरको अनुमति लिनु पर्दछ ।
* पुस्तक, लेख वा अन्य रचनाको पूरै वा कुनै अंशको प्रयोग गर्दा वा त्यस्ता रचनाको फोटोकपि गरी व्यापार गर्दा लेखक तथा प्रकाशकको अनुमति लिनु पर्दछ ।
* प्रसारण संस्था आफैले तयार गरी प्रसारण गरेको सामग्री अरूले आफ्नो सामग्री बनाई प्रसारण गर्नु हुँदैन ।

यस्ता कार्यहरू अनुमति बिना गर्नु दण्डनीय अपराध भएको हुँदा अधिकार धनीको अनुमति लिएर मात्र सिर्जनाको प्रयोग गर्नु गराउनु हुन अनुरोध छ ।

सम्पादकीय

मानवबाट मौलिक तथा बौद्धिक रुपले सिर्जित रचना, ध्वनिअङ्कन, प्रस्तुति र प्रशारण आदिको कानुनद्वारा स्रष्टालाई प्रदान गरिने एकलौटी अधिकारलाई प्रतिलिपि अधिकार भनिन्छ । समाजको सामाजिक, साँस्कृतिक र आर्थिक विकासका लागि अत्यन्तै महत्वपूर्ण प्रतिलिपि अधिकारको महत्वलाई बुझी त्यसको संरक्षण तथा विकास गर्न जरुरी छ । नेपालमा २०२२ सालमा जारी गरिएको प्रतिलिपि अधिकार ऐनलाई परिमार्जन गरी २०५९ सालमा प्रतिलिपि अधिकार ऐन, २०५९ जारी गरिएको र २०६१ सालमा प्रतिलिपि अधिकार नियमावली जारी भएको छ । यस सन्दर्भमा नेपाल विश्व बौद्धिक सम्पत्ति संगठनको सदस्य, विश्व व्यापार संगठनको सदस्य र वर्न अभिसन्धिको पक्ष राष्ट्र भएको छ ।

प्रतिलिपि अधिकार व्यवस्थाले देशको साहित्य, कला, संस्कृति र आर्थिक क्षेत्रमा टेवा पुऱ्याउँछ । सिर्जनात्मक उद्योगको विकासबाट कूल ग्राहस्थ उत्पादनमा समेत योगदान दिन्छ । प्रतिलिपि अधिकारका सम्बन्धमा स्रष्टा कलाकार, उत्पादक तथा आम जिज्ञासुलाई चालु आर्थिक वर्ष २०७२/७३ मा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट कार्यान्वयन सम्पन्न भएगरेका कार्यक्रमहरु, प्रवर्द्धनात्मक कार्यहरु, विभिन्न विश्वस्तरका दिवशहरु मनाइएको, कानुन कार्यान्वयन गर्नका लागि सहज बनाउन निर्देशिका तथा जानकारीमूलक पुस्तिका तयार गरी प्रकाशन गर्ने कार्य भएको छ ।

आर्थिक वर्ष भरीमा स्रष्टा कलाकारहरुका लागि परिचयपत्र तयार गर्ने र कृति/सिर्जनाको सार्वजनिक प्रयोग वापतको रोयल्टी संकलन गर्ने प्रयोजनका लागि रोयल्टी सम्बन्धी मापदण्ड निर्धारण र वितरण कार्यमा निर्देशन तथा अनुगमन गर्न गठित रोयल्टी सम्बन्धी निर्देशन तथा अनुगमन समितिका काम कार्यवाही पनि यस कार्यमा प्रगतिमा सकारात्मक रह्यो । यिनै प्रयत्नबाट प्रथमपटक रोयल्टी सम्बन्धी २ वटा संस्थाहरु र एनसेल नेपालबीच Presonalized Ringback Tone (PRBT) मा सङ्गीतको सार्वजनिक प्रयोग गरिए वापत रोयल्टी संकलन गरी ती संस्था मार्फत उपलब्ध गर्न सम्झौता गर्ने कार्य भयो । यसैगरी रोयल्टी संकलनका सम्भावित क्षेत्रहरुमा समेत रोयल्टी संकलन गर्न आवश्यक व्यवस्था भईरहेको छ । यस कार्यका लागि श्री व्यवस्थापिका संसद्, विकास समिति र श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी भएका निर्देशनहरु कार्यान्वयनको क्रममा छन् । आगामी दिनहरुमा स्रष्टा सर्जक/कलाकारहरु एवं प्रतिलिपि अधिकार तथा सम्बन्धित अधिकार धनीहरुलाई मनासिव माफिकको रोयल्टी उपलब्ध हुन सक्ने आशाको किरण देखा परेको छ ।

प्रतिलिपि अधिकार तथा सम्बन्धित अधिकारका क्षेत्रमा आर्थिक वर्षभरी भएगरेका कार्यहरुको टिपोट गरी यस विषयका विज्ञ, सरोकारवालाहरु एवं आम जनसमुदायमा जानकारी दिन यस बुलेटिन तयार गरिएको छ । बुलेटिन तयारीका क्रममा खटिने यस कार्यालयका सहकर्मीलगायत सामग्री दिई सहयोग गर्नु हुने सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु । यसमा भएका कमी कमजोरी एवं केही छुटेका विषय औल्याई दिनु भएमा आगामी प्रकाशनमा सुधार गरिने छ । प्रतिलिपि अधिकार र सम्बन्धित अधिकार सम्बन्धमा आम सरोकारवालाहरुको ध्यान आकर्षण गर्न यस प्रकाशन सफल हुने विश्वास लिइएको छ ।

Nepal Copyright Registrar's Office
Kalikasthan, Kathmandu, Nepal
Tel: 977-1-4431155, 4443750
Fax: 977-1-4431144, PO Box: 430
E-mail: info@nepalcopyright.gov.np
Web Page: www.nepalcopyright.gov.np

प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट निःशुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नविर्सनु होला ।

Mail to:

All Photos by NCRO, © सर्वाधिकार : नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा सुरक्षित । प्रिन्टिङ्ग : सगुन प्रिन्टिङ्ग प्रेस, टेकु ।